# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।१०।०८ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला बाँके, साविक बेतहनी गा.वि.स. वडा नं. ४क, कित्ता नम्बरहरु २, ११ लगायतका जग्गाहरु गैरकानूनी ढंगले सिफारिस तथा निर्णय गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा वादी लिलावती कैरातीसमेत र प्रतिवादी सहजराम कुर्मीसमेत भएको बाँके जिल्ला अदालतको संवत् २०६७ सालको ७४-०६७-००६०३ दे.नं. ११७८, अपुताली हक कायमको मुद्दामा वादी दावी बमोजिम मृतक सुरता कुर्मीका नामको आधा सम्पति वादीहरुका नाममा अपुताली हक कायम हुने नदेखिएको भनी फैसला भई तत्कालीन पुनरावेदन अदालत नेपालगञ्जबाट बाँके जिल्ला अदालतको फैसलालाई नै सदर गरेकोमा सर्वोच्च अदालतले मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गर्न नमिल्ने भनी फैसला गरी मुद्दा अन्तिम भईसकेको अवस्थामा स्व.सुरता कुर्मीको नाममा रहेको जग्गाहरु तत्काल प्रचलित मुलुकी ऐन अपुतालीको महलको १७ नं. लगायतको प्रचलित कानून बमोजिम नेपाल सरकारको नाममा कायम हुने थाहा जानकारी हुँदा हुदै उक्त जग्गाहरु निजि प्रयोग तथा हस्तान्तरण गरी प्राप्त गर्नको लागि नै लिलावती कैरातीले स्व. सुरता कुर्मीको नाममा कायम रहेको जग्गाहरु मुलुकी ऐन अपुताली महलको ३ नं. बमोजिम आफ्नो नाममा कायम गरी पाउँ भनी मालपोत कार्यालय, बाँकेमा निवेदन पेश गरे गराएको देखिएको, रामजस कुर्मीले लिलावती कैरातीले स्व. सुरता कुर्मीको अपुताली खान नपाउने भनी सर्वोच्च अदालतबाट नै फैसला भएको विषय उजागर गरी मालपोत कार्यालय बाँकेमा निवेदन पेश गरेको देखिएकोमा सो तथ्यलाई अन्देखा गरी प्रतिवादीहरुले बदनियत राखी उक्त निवेदनको विषयमा प्रवेश नै नगरी नगराई स्व. सुरता कुर्मीको आधा जग्गा गैरकानूनी तवरबाट लिलावती कैरातीको नाममा कायम गर्ने गराउने उद्देश्य बमोजिम झुट्टा विवरण सहितको फिल्ड मुचुल्का र गा.वि.स को सिफारिस तयार गरी गराई सोही मुचुल्कालाई मात्र आधार लिई स्व. सुरता कुर्मीको आधा जग्गा लिलावती कैरातीको नाममा कायम गरे गराएको देखिएको, यसरी स्व.सुरता कुर्मीको नाममा कायम भएको जग्गाहरु तत्काल प्रचलित मुलुकी ऐन, अपुतालीको महलको १७ नं. बमोजिम नेपाल सरकारको नाममा कायम हुनुपर्नेमा प्रतिवादीहरुको आपसी मिलेमतो तथा योजनामा बदनियत राखी प्रतिवादी लिलावती कैरातीको नाममा कायम गर्न बिभिन्न प्रपञ्च रची आफ्नो अनूकुलको सर्जमिन मुचुल्का तथा गा.वि.स को सिफारिस तयार गरी गराई सर्वोच्च अदालतको फैसलासमेतको प्रतिकुल हुने गरी प्रतिवादी लिलावती कैरातीको नाममा दर्ता नामसारी गरी गराई नेपाल सरकारको जम्मा रु.२२,४२,७२०।- (बाईस लाख बयालीस हजार सात सय बीस रुपैया) बराबरको सम्पत्तीको हानिनोक्सानी, दुरुपयोग, हस्तान्तरण एंव निजी प्रयोग प्रचलनमा ल्याएको तथ्य स्थापित भएको देखिएको।

त्यसैगरी स्व. सुरता कुर्मीको नाममा कायम रहेको बाँकी आधा जग्गा प्राप्त गर्ने बदनियत राखी पुनरावेदन अदालत नेपालगञ्ज तथा सर्वोच्च अदालतबाट नै स्व. सुरता कुर्मीको सम्पत्तिमा रामजस कुर्मी र लिलावती कैरातीको अपुतालीको हक नपुग्ने गरी अन्तिम फैसला भईसकेको अवस्थामा समेत प्रतिवादीहरुको आपसी मिलेमतो तथा योजनामा बाँके जिल्ला अदालतमा जालसाजी मुद्दा नं.०७३-CP-०५७० दर्ता गरी गराई सर्वोच्च अदालतको फैसलाको प्रतिकुल हुने गरी रामजस कुर्मीको छोरा विरेन्द्र कुमार कुर्मी र लिलावती कैराती बीच बाँके जिल्ला अदालतमा नेपाल सरकारको नाममा कायम हुने जग्गाहरुको सम्वन्धमा व्यक्तिहरुको हुने गरी मिलापत्र गरे गराएको देखिएको, यसरी विरेन्द्र कुमार कुर्मीको बुवा रामजस कुर्मीले स्व. सुरता कुर्मीको अपुताली सम्पत्ति खान

नपाउने गरी पुनरावेदन अदालत नेपालगञ्जबाट फैसला भई अन्तिम भइसकेको देखिएको, साथै लिलावती कैरातीले स्व. सुरता कुर्मीको अपुताली सम्पत्ती खान नपाउने गरी सर्वोच्च अदालतबाट नै फैसला भई अन्तिम भईसकेको अवस्थामा बिभिन्न प्रपञ्च रची स्व. सुरता कुर्मीको नाममा रहेको बाँकी आधा जग्गाहरुको सम्बन्धमा मिलोमतो गरी मिति २०७४।१०।२१ गते बदनियत राखी सर्वोच्च अदालतसमेतको फैसला बमोजिम मिलापत्र नै हुन नसक्ने अवस्थाको मुद्दामा बाँके जिल्ला अदालतबाट मिलापत्र गरे गराएको देखिई सोही बमोजिम मालपोत कार्यालय बाँकेमा मिलापत्र भएको जानकारीको लागि पत्राचार गरे गराएको देखिएको, मालपोत ऐन, २०३४ को दफा ८ को उपदफा (३) बमोजिम मिलापत्रको आधारमा मालपोत कार्यालयले जग्गा दर्ता वा दाखिल खारेज गर्दा सम्वन्धित जग्गाको साबिक दर्ता, मोठ वा नम्बरी लगायतको मिलापत्रमा भएका पक्षहरुको उक्त जग्गामा हक पुग्ने नपुग्ने भन्ने विषयमा एकिन गरेर मात्र जग्गा दर्ता वा दाखिल खारेज गर्नुपर्ने अनिवार्य व्यवस्थाको प्रतिकुल हुने गरी प्रतिवादीहरुले नेपाल सरकारको नाममा कायम हुने जग्गाहरु मिलापत्रलाई मात्र आधार लिई मिति २०७४।१०।२६ गतेको दाखिल खारेजको निर्णयबाट विरेन्द्र कुमार कुर्मी र लिलावती कैरातीको नाममा कायम गरी गराई नेपाल सरकारलाई जम्मा रु.२०,८७,२५९।- (बीस लाख सतासी हजार दुई सय उनन्साठ्ठी रुपैयाँ) बराबरको सम्पत्तीको हानिनोक्सानी, दुरुपयोग, हस्तान्तरण एंव निजी प्रयोग प्रचलनमा ल्याएको तथ्य स्थापित भएको देखिंदा आपसी मिलेमतो तथा योजनामा स्व. सुरता कुर्मीको नाममा कायम भएको जग्गाहरु तत्काल प्रचलित मुलुकी ऐन, अपुतालीको महलको १७ नं. बमोजिम नेपाल सरकारको नाममा कायम हुनुपर्नेमा लिलावती कैराती र विरेन्द्र कुमार कुर्मीको नाममा कायम गरे गराएको देखिएबाट प्रतिवादीहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ समेतको कसूरजन्य कार्य भएको हुँदा देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

<u>**देहाय**</u>

| सि.नं. | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १ | मालपोत कार्यालय, बाँकेका तत्कालीन प्रमुख मालपोत अधिकृत **ऋषिराम के.सी.** | रु.२२,४२,७२०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम बिगो रु. बाईस लाख बयालीस हजार सात सय बिस रुपैयाँ कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम विगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असुल उपर हुन एवं सर्जमिन मुचुल्का, निर्णय पर्चा लगायतको गलत लिखत तयार गरे गराएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २ | मालपोत कार्यालय, बाँकेका तत्कालीन मालपोत अधिकृत **अशोक कुमार भट्टराई** | रु.२०,८७,२५९।- | भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम विगो रु. बीस लाख सतासी हजार दुई सय उनन्साठ्ठी रुपैयाँ कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो |

| | | | |
|---|---|---|---|
| | | | संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम विगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असुल उपर हुन तथा निर्णय पर्चा लगायतको गलत लिखत तयार गरे गराएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ३ | मालपोत कार्यालय, बाँकेका तत्कालीन नायव सुब्बा **तारा प्रसाद खनाल** | रु.२२,४२,७२०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम विगो रु. बाईस लाख बयालीस हजार सात सय बिस रुपैयाँ कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम विगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असुल उपर हुन तथा गलत लिखत तयार गरे गराएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ४ | जिल्ला बाँके, साविक बेतहनी गा.वि.स.का तत्कालीन सचिव **मान बहादुर बोगटी** | रु.२२,४२,७२०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम विगो रु. बाईस लाख बयालिस हजार सात सय बिस रुपैयाँ कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम विगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असुल उपर हुन एवं सर्जमिन मुचुल्का, सिफारिस पत्र लगायतको गलत लिखत तयार गरे गराएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ५ | मालपोत कार्यालय, बाँकेका तत्कालीन नायव सुब्बा **कर्ण बहादुर पुन** | रु.२०,८७,२५९।- | भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम विगो रु. बीस लाख सतासी हजार दुई सय उनन्साठ्ठी रुपैयाँ कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा |

| | | | |
|---|---|---|---|
| | | | (१) बमोजिम विगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असुल उपर हुन एवं गलत लिखत तयार गरे गराएको देखिएकोले उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ६ | जिल्ला बाँके, डुडुवा गाउपालिका वडा नं. २ बस्ने **लिलावती कैराती** | रु.२४,६७,७२०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी प्रकृतिको लाभ प्राप्त गर्ने मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसुरदारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा विगो रु. चौविस लाख सठ्सठ्ठी हजार सात सय बिस रुपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम विगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असुल उपर हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को कसूरजन्य कार्यको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूरजन्य कार्य भएको हुँदा मुख्य कसुरदारलाई सोही ऐनको दफा ९ बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याँश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ७ | जिल्ला बाँके, डुडुवा गाउपालिका वडा नं. २ बस्ने **विरेन्द्र कुमार कुर्मी** | रु.१८,६२,२५९।- | भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी प्रकृतिको लाभ प्राप्त गर्ने मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसुरदारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा विगो रु. अठार लाख बैसठ्ठी हजार दुई सय उनन्साठ्ठी रुपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम विगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असुल उपर हुने सजायलाई |

| | | | |
|---|---|---|---|
| | | | आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को कसूरजन्य कार्यको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूरजन्य कार्य भएको हुँदा मुख्य कसुरदारलाई सोही ऐनको दफा ९ बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

विरेन्द्र कुमार कुर्मी, सावित्री देवी कुर्मी र राजिया बेगम नाउको नाममा रहेको जफत तथा सरकारी सार्वजनिक कायम हुने जग्गाहरु भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. समेतको प्रचलित कानून बमोजिम जफत हुन तथा प्रतिवादीहरु सावित्री देवी कुर्मी र राजिया बेगम नाउलाई जग्गा जफत प्रयोजनको लागि मात्र प्रतिवादी कायम गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने